# नेपालमा प्रतिस्पर्धा कानून
# उपलब्धी र चुनौती

ध्रुवेशचन्द्र रेग्मी
कार्यक्रम निर्देशक
साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड एन्भायरोन्मेन्ट (सावती)
सदस्य, सर्वोच्च अदालत बार एशोसिएशन

विश्व प्रतिस्पर्धा दिवसको अवसरमा नेपाल वार एशोसिएशन, आर्थिक पत्रकार समाज तथा सावतीद्धारा संयुक्त रुपमा आयोजित नेपालमा प्रतिस्पर्धाको अवस्था विषयक छलफल कार्यक्रममा प्रस्तुत
(१९ मार्ग २०६८ तदनुसार ५ डिसेम्बर २०११)
dhrubesh.regmi@sawtee.org

# प्रतिस्पर्धा के हो?

वस्तु तथा सेवालाई बजार प्रवेश गराई तिनको मूल्य तथा गुणस्तरका आधारमा उपभोक्ताबाट परीक्षण र मूल्यांकन गराउने स्वचालित प्रणालि

# विश्व प्रतिस्पर्धा दिवश, २०११

- समान उद्धेश्य भएका समप्रकृतिका व्यापारी वा व्यवसायीले सम्झौता वा सहमतिको माध्यमबाट आफुहरु प्रतिस्पर्धा नगर्ने निर्णय गर्दछन् भने त्यस्तो गतिविधि कार्टेलिंग (व्यापारिक गठवन्धन)
- उदार अर्थ व्यवस्थामा देखिन नहुने सिण्डिकेट, कार्टेलिंग जस्ता गैरकानूनी व्यापारिक क्रियाकलापको विगविगी
- विशेषत: सार्वजनिक यातायात, बैंकिंग, बीमा, हवाई सेवा र अन्य आधारभूत आवश्यकताका वस्तु तथा सेवामा स्पष्ट देखिने
- यस्तो क्रियाकलापलाई निस्तेज पार्न प्रतिस्पर्धा कानून आवश्यक

# प्रतिस्पर्धा कानूनका उदेश्यहरु

- वस्तु र सेवाको व्यापारमा राज्यको भूमिका सहज र सिमित गर्नु
- वस्तु तथा सेवालाई औपचारिक रुपमा मात्र बजारमा प्रवेश गराउनु
- मुल्य निर्धारणमा बजारको भूमिकालाई प्रधान बनाउनु
- स्वस्थ्य प्रतिस्पर्धा संस्कारको निर्माण गर्नु
- उपभोक्ताको अधिकारको सुनिश्चित गर्नु ।
- राष्ट्रिय अर्थतन्त्रलाई थप उदार र खुल्ला बनाउनु
- तोकिएको बजार तथा क्षेत्रलाई विशेष संरक्षण गर्नु

# प्रतिस्पर्धा कानूनको सामान्य अवधारणा

- उपचारमा भन्दा रोकथाममा जोड
- विकाससम्बन्धी आयाम
- कानूनलाई लागूगर्ने माध्यमहरु
- स्वायत एवं निष्पक्ष आयोगको व्यवस्था
- अपिलको व्यवस्था
- अन्य नियमनकर्ताहरुसंगको समन्वय
- प्रतिस्पर्धा शिक्षा, जनचेतना र वकालत

# प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ का विशेषताहरू (१)

- ऐनको वर्हिगमन प्रयोग
- प्रभुत्वशाली हैसियत तथा गैरप्रतिस्पर्धी कार्यको स्पष्ट परिभाषा
- बौद्धिक सम्पदा अधिकारसम्बन्धी सम्झौताको छुट र लचिलोपनालाई राष्ट्रिय हितमा प्रयोग
- प्रतिस्पर्धाको विकास आयामलाई आत्मसात (घरेलु तथा साना उद्योग, कृषि सहकारी र साना किसानका क्रियाकलापहरु, कच्चा पदार्थको खरीद, संयुक्त रुपमा गरिने अनुसन्धान तथा विकासका कार्यहरु, निर्यात गठवन्धन, सामूहिक सौदावाजी, व्यवस्थापन सहकार्य र व्यवसायको क्षमता अभिवृद्धि तथा संरचनात्मक सुधार)
- राज्यको सामाजिक दायित्वअन्तर्गत विशेष अधिकार प्रदान

# प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ का विशेषताहरु (२)

- प्रतिस्पर्धा प्रवर्द्धन बोड तथा बजार संरक्षण अधिकारीको व्यवस्था
- सरकारवादी मुद्धा तथा संक्षिप्त कार्यविधि ऐनको आधार
- वाणिज्य अदालत (इजलास) को गठन
- क्षतिपूर्तिको व्यवस्था
- सूचनाको गोप्यता

# प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ ले निषिद्ध गरेका व्यवहारहरु (दफा ३)

- प्रतिस्पर्धा विरुद्धको सम्झौता गर्न नहुने (कुनै वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने कुनै व्यक्ति वा प्रतिष्ठानले प्रतिस्पर्धा सीमित वा नियन्त्रण गर्ने उद्धेश्यले त्यस्तै किसिमको वस्तु वा सेवा उत्पादन गर्ने अन्य कुनै व्यक्ति वा प्रतिष्ठानसँग एक्लै वा सामूहिक रुपमा देहायको कुनै सम्झौता गर्न वा गराउन हुँदैन (व्यापारिक गठवन्धन)
- प्रभुत्वशाली हैसियतको दुरुपयोग (४० प्रतिशत)
- विलय र प्राप्तिमा नियमन
- मिलेमतोपूर्ण ठेक्का (बोलपत्रमा अनियमितता)
- एकाधिकार, एकलौटी कारोवार, दुरासयपूर्ण तथा आक्रामक मूल्य निर्धारण, मूल्यमा भेदभाव, पुनर्बिक्री मूल्य निर्धारण, मिश्रित बिक्री, बजार सीमित तथा बन्धनयुक्त विक्री गर्न नहुने
- कार्टेल, सिण्डिकेट प्रणाली
- भ्रमपूर्ण विज्ञापनमा निषेध

# प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ ले पुऱ्याउने फाइदाहरु

- विदेशी कम्पनीहरुबाट हुनसक्ने गैर–प्रतिस्पर्धात्मक क्रियाकलापमा नियन्त्रण
- स्वदेशी तथा आन्तरिक उद्योगधन्धाहरुको प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि
- बजार पहुँचको अवसर बजार प्रवेशमा रुपान्तरण हुने
- उपभोक्ता अधिकार तथा स्वच्छ व्यवसायीहरुको संरक्षण
- गैर–प्रतिस्पर्धी व्यापारीहरु बजारबाट पलायन

# प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ का कमी कमजोरीहरू

- प्रभावकारी कार्यन्वयनको लागी स्वायत्त र अधिकार सम्पन्न आयोगको बदलामा कमजोर अस्तित्वको बोर्ड
- वाणिज्य विभागलाई कार्यकारी अधिकार नहुनु
- संरचनागत र आर्थिक रुपले समेत सरकारमा निर्भर
- ऐनको दायरा सिमित
- प्रतिस्पर्धा प्रवर्द्धन बोर्ड तथा बजार संरक्षण अधिकृतको  क्षेत्राधिकारमा अस्पष्टता
- नियमन निकाय र बोर्डको क्षेत्राधिकारमा मौन
- कार्यान्वयन हुन नसक्दा ऐन कागज मै सिमित

# प्रतिस्पर्धा कानून कार्यान्वयन: एक कठिन चुनौति

- विद्यमान नीति तथा कानूनहरुसँगको असामञ्जस्यता
- निहित स्वार्थ भएका वर्ग, व्यक्ति तथा समुहको अनुचित दवाव
- क्षेत्रगत नियमनकारी निकायसँगको तालमेलको अभाव
- श्रोत तथा साधनहरुको अभाव
- राजनैतिक प्रतिवद्धता तथा स्वायत्तताको अभाव
- प्रतिस्पर्धी संस्कारको अभाव
- कमजोर सरकार र असंगठित उपभोक्ता

# प्रतिस्पर्धा कानून र उपभोक्ताका अधिकारहरु

- प्रतिस्पर्धा कानून सन्तुलित अर्थात् उपभोक्ता वा उद्यमी-व्यवसायी कसैं प्रति ढल्केको खण्डमा प्रत्युत्पादक हुनसक्ने
- प्रतिस्पर्धा कानून सबैका हितमा भन्ने भावना उद्यमी-व्यवसायीमा आउनु पर्ने वा ल्याउन सक्नुपर्ने
- निजीक्षेत्रमा प्रतिस्पर्धा कानून केवल उपभोक्ताको संरक्षण गर्दछ भन्ने भावनाबाट ग्रसित
- सबै सरोकारवालाहरुलाई समेटेर जानसके मात्र प्रतिस्पर्धाको सफल कार्यान्वयन हुने
- बजार सम्प्रभुता उपभोक्ता नभई सेवा र वस्तु प्रदायक

# यसका लागि,

- स्वायत्त निकायको स्थापनाको पहल गर्ने
- प्रतिस्पर्धा प्रवर्द्धन बोर्डलाई अर्धन्यायिक अधिकार प्रदान गर्ने
- प्रतिस्पर्धा संस्कारको विकास गर्न आवश्यक चेतनामुलक कार्यक्रमहरूको सञ्चालन गर्ने
- विद्यमान ऐन कानूनलाई प्रतिस्पर्धा मैत्री बनाउन पहल गर्ने
- उपभोक्तालाई सचेत र जागरुक बनाउन सरकारी एवं गैर सरकारी सँस्थाहरूले आवश्यक कार्यहरू गर्ने
- सरोकारवालामा प्रतिस्पर्धा संस्कारको विकासमा जोड दिने ।

# निचोड

प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ आउनुलाई स्वागतयोग्य कदम मान्नुपर्दछ तथापि आज यसको कार्यान्वयनको स्थितिलाई हेर्दा उपभोक्ता संरक्षण ऐन, २०५४ लगायत नेपालका अन्य कतिपय कानून सरह नै कागजमै मात्र सीमित भएको यथार्थताबाट यो विश्व व्यापार संगठनको सदस्यता लिने क्रममा गरिएको प्रतिवद्धतालाई पुरा गर्ने मनसायबाट मात्र ल्याइएको हो भन्ने सरोकारवालाहरुको शंकालाई नकार्न सक्ने अवस्था भने छैन ।

# अनुसूची
# प्रतिस्पर्धासंग सरोकार राख्ने कानूनहरु (१)

- आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७
- हुलाक ऐन, २०१९, (शाही) नेपाल वायु सेवा निगम ऐन, २०१९
- रकम र सरकारी ठेक्का बन्दोवस्त ऐन, २०२०
- विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१
- पेटेण्ट डिजाइन तथा ट्रेडमार्क ऐन, २०२२
- खाद्य ऐन, २०२३
- स्टाण्डर्ड नाप र तौल ऐन, २०२५, राष्ट्रिय बीमा संस्थान ऐन, २०२५
- स्थानीय प्रशासन ऐन, २०२८, शिक्षा ऐन, २०२८
- कालो बजार तथा केही सामाजिक अपराध तथा सजाय ऐन, २०३२
- दाना पदार्थ ऐन, २०३३
- औषधि ऐन, २०३५
- नेपाल गुणस्तर (प्रमाण-चिन्ह) ऐन, २०३७
- नेपाल पेट्रोलियम ऐन, २०४० नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१
- खानी तथा खनिज पदार्थ ऐन, २०४२
- नागरिक लगानी कोष ऐन, २०४७

# अनुसूची
# प्रतिस्पर्धासंग सरोकार राख्ने कानूनहरु (२)

- सहकारी ऐन २०४८, श्रम ऐन, २०४८
- औद्योगिक व्यवसाय ऐन, २०४९, सवारी तथा यातायात व्यवस्था ऐन, २०४९, विद्युत् ऐन, २०४९,
- आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९, बीमा ऐन, २०४९
- निजीकरण ऐन, २०५०
- राष्ट्रिय प्रसारण नियमावली, २०५२
- दूरसंचार ऐन, २०५३, नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३
- उपभोक्ता संरक्षण ऐन, २०५४
- आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५, पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५, पशुबधशाला र मासु जाँच ऐन २०५५
- आयकर ऐन, २०५८, नेपाल राष्ट्र बैंक ऐन, २०५८
- प्रतिलिपि अधिकार ऐन, २०५९
- नेपालको अन्तरिम संविधान, २०६३
- बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३,
- प्रस्तावित विधेयकहरू : (खानेपानी व्यवस्थापन बोर्ड, खानेपानी महसुलनिर्धारण आयोग तथा स्वास्थ्य सेवासम्बन्धी विधेयक, विद्युत सम्बन्धी विधेयकहरु)